Vangmaya
Vol. 22, No. 1: 43-54, July-August 2024
Central Department of Nepali, Kirtipur DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85353

# उत्तरवर्ती चरणका विज्ञानविषयक नेपाली उपन्यासमा स्वैरकल्पना

**दीपकप्रसाद ढकाल***

## लेखसार

*प्रस्तुत लेखमा उत्तरवर्ती चरणका विज्ञानविषयक नेपाली उपन्यासमा स्वैरकल्पनाको अध्ययन गरिएको छ । वि.सं. २०३६ पछिको कालावधिलाई उत्तरवर्ती चरण नामकरण गरी विश्लेषण गरिएकाले यसैलाई अध्ययन क्षेत्र स्विकारिएको हो । स्वैरकल्पनाका विशुद्ध कल्पना र विज्ञानप्रविधिका तथ्यमा आधारित विज्ञान स्वैरकल्पना गरी दुई अवधारणा छन् । प्रस्तुत लेखमा विज्ञानप्रविधिसम्बद्ध कल्पनाको अध्ययन गरिएको छ । यस लेखका निम्ति सामग्री पुस्तकालय कार्यबाट प्रयोग गरिएका छन् । यस लेखमा अवधारणात्मक सूचक निर्माण गरी प्राथमिक सामग्रीको विश्लेषण गरिएकाले निगमनात्मक विधि प्रयोग भएको छ । सत्यापनका क्रममा तथ्याधारित तर्क प्रयोग गरिएकाले अध्ययन आगमनात्मक पनि बन्न पुगेको छ । उत्तरवर्ती चरणका विज्ञानविषयक नेपाली उपन्यासमा स्वैरकल्पना विशेषतः इन्टरनेट सञ्जालमा केन्द्रित छ । स्वैरकल्पना पनि निकट आगत र सुदूर अनागतमा केन्द्रित भई आएका छन् । निकट आगतलाई संश्लेषण गर्ने क्रममा 'कान्छी' प्रतिनिधि उपन्यास हो । त्यसैगरी 'जिरो कटेज', 'सावर्णि' र 'द सुप्रिम ह्युमन' सुदूर अनागतको स्वैरकल्पनामा केन्द्रित उपन्यास हुन् । प्राथमिक सामग्रीलाई स्वैरकल्पनाका अवधारणात्मक सूचकहरू 'अधिपाठीय सम्प्रेषण', 'साइबरपङ्क पात्र' र 'कृत्रिम बुद्धिमत्ता' का कोणबाट विश्लेषण गरी सत्यापनमा पुगिएको छ ।*

**शब्दकुञ्जी** : अधिपाठ, अनुरूपण, डाटा प्रणाली, नानुक्रमिक, सर्वकालिक, सर्वस्थानिक ।

## विषयपरिचय

नेपाली उपन्यासको विधा विकासमा वि.सं.२०३६ को समयसीमा उत्तरवर्ती चरण भनी व्याख्या तथा विश्लेषण हुने गरेको छ । अनुसन्धान र साहित्यका विविध सिर्जनामा विकसित भएका प्रवृत्तिको युगीन मूल्य पहिचान गर्दा यही समय बिन्दुलाई आधार बनाइएको पाइन्छ । त्यसैले प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपाली उपन्यासको वि.सं. २०३६ पछिको विधाविकास तथा यस परम्परामा विज्ञानको विषयवस्तुमा केन्द्रित उपन्यासलाई शोधक्षेत्रका रूपमा अध्ययन गरिएको छ । त्यसैगरी विज्ञानका विषयवस्तु वर्तमानमा प्राप्त वैज्ञानिक उपलब्धि र त्यस्ता उपलब्धिमा केन्द्रित भई गरिएको सम्भावनाको सत्याभासयुक्त कल्पना हो । यसैलाई विज्ञानविषयक स्वैरकल्पनाका रूपमा विश्लेषण गरिएको छ। स्वैरकल्पना यथार्थ वा प्राप्त भौतिक दिक्सँग विरोधाभास हुनेगरी गरिएको कल्पना हो । यसको क्षेत्र विस्तृत छ तर विज्ञानविषयक स्वैरकल्पना मानवले आज आफ्ना सामू प्राप्त गरेका प्रविधिगत भोगाइ तथा संयन्त्रको उन्नत भविष्यका बारेमा गरिएको विम्बाङ्कन हो । प्रविधि संस्कृतिमा मानवका क्रियाकलाप केन्द्रित भएसँगै यस्तो प्रविधिको उन्नत अवस्थाका बारेमा कल्पना गर्न थालियो । भविष्यप्रतिको यही प्रविधि केन्द्रित चासो तथा मानवीय अस्तित्वको रक्षाका निम्ति आज व्यक्त गरिएका चिन्ता नै विज्ञानविषयक उपन्यास पहिचान गर्ने अवधारणा हो । यसैलाई प्रस्तुत लेखमा

* ढकाल नेपाली केन्द्रीय विभागमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

प्रयोग गरिएको छ । त्यसैले उत्तरवर्ती चरणका नेपाली विज्ञानविषयक उपन्यासमा स्वैरकल्पना प्रस्तुत लेखको शोध समस्या हो भने विज्ञानविषयक उपन्यासमा स्वैरकल्पना केकस्तो छ भनी विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य हो । प्रस्तुत लेखमा टंक चौलागाईं (२०६८) को *जिरो कटेज,* रमेश पौडेल (२०६९) को *द सुप्रिम ह्युमन,* सरुभक्त (२०७२) को *एक अभिनवको आत्मकथा,* मुक्तिप्रसाद उपाध्याय (सन् २०१९) को *कान्छी विज्ञान उपन्यास,* बिष्णु सिंह राई (२०७५) को *पहेली,* श्रीधर खनाल (२०८१) को *सावर्णि* उपन्यासलाई विश्लेषणको आधार सामग्री बनाइएको छ। उत्तरवर्ती नेपाली उपन्यासमा स्वैरकल्पनाबारे अध्ययन भएका छन् तर विज्ञान तथा प्रविधिमा केन्द्रित भई गरिएको कल्पनाका बारेमा लेखका तहमा अध्ययन भएका छैनन् । यही रिक्त क्षेत्र पहिचान गरी प्रस्तुत लेख तयार गरिएको हो र यसैले प्रस्तुत अध्ययन औचित्यपूर्ण पनि छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखको शोधक्षेत्र र समस्या सोद्देश्य रूपले चयन गरिएको हो । यस लेखका निम्ति आवश्यक सामग्री पुस्तकालय कार्यबाट प्रयोग गरिएका छन् । लेखमा उत्तरवर्ती चरणमा प्रकाशित भएका विज्ञानविषयक उपन्यासलाई प्राथमिक र विज्ञान उपन्यासमा गरिएका कल्पनासँग सम्बद्ध सैद्धान्तिक सामग्रीलाई द्वितीयकका रूपमा प्रयोग गरिएको छ । द्वितीयकका रूपमा विज्ञानविषयक स्वैरकल्पनामा आधारित सैद्धान्तिक सामग्रीको प्रयोग गरिएको छ । यस्ता सामग्री चयन गर्दा मूलतः विज्ञानविषयक आख्यान र त्यस्ता आख्यानको सौन्दर्य मूल्य निरूपणमा आधारित तथ्यलाई प्राथमिकताका साथ प्रयोग गरिएको छ । विश्लेषणको सैद्धान्तिक प्रतिमान तयार गरेर प्राथमिक सामग्रीको अध्ययन गरिएकाले प्रस्तुत लेखमा निगमनात्मक पद्धति प्रयोग भएको छ । सत्यापन तथा संश्लेषणका क्रममा प्रस्तुत लेखमा आगमनात्मक पद्धति पनि प्रयोग भएको छ ।

## स्वैरकल्पनाको अवधारणा

पदार्थीय गुण तथा त्यस्ता गुणको सहसम्बन्ध विकास गरेर तयार गरिएको यान्त्रिकी प्रणाली विज्ञान हो । यस्तो प्रणालीमा आधारभूत रूपले पदार्थीय अस्तित्व र विशिष्टता विकास गरिएको हुन्छ। मानव कल्पनाशील प्राणी हो। त्यसैले मानव आफ्नो वरपरको दिक्लाई काल्पनिकताका आधारमा पुनःनिर्माण गर्न, संयोजन गर्न, फरक तरिकाले देखाउन वा सजाउन उद्यत रहन्छ। यस्तो उद्यत अवस्था कल्पना हो भने त्यसमा पदार्थीय गुणको पहिचानसमेत गरी गरिएको संयोजन नै विज्ञान हो । विज्ञान पृथ्वीको दिक्मा उपलब्ध भएका पदार्थ तथा तिनको अनुरूपण हो । यस्तो अनुरूपण सङ्केत वा प्रतिकृतिका रूपमा विकास गर्ने अभियानद्वारा निर्दिष्ट हुन्छ। पदार्थको गुण कस्तो हुन्छ भन्ने विषय मानवका ज्ञानेन्द्रीयको सीमामा निर्भर विषय हो तर विज्ञानमा यही सीमाभित्र बसेर भए पनि प्रतिरूप तयार गरिएको हुन्छ। रङ, आवाज, स्वाद, आकार, तरलता, ठोसपनजस्ता गुणको अनुरूपण नै विज्ञान हो ।

स्वैरकल्पना यथार्थसँग अनमेल हुनेगरी गरिएको उच्चस्तरको कल्पना हो । वर्तमानका दिक् तथा यसका पदार्थीय गुणसँग बेमेल हुनेगरी गरिएको विम्बाङ्कन स्वैरकल्पना हो । "उपन्यास र कथामा प्रयोग गरिने पदावली जसले वर्तमानमा सामान्य रूपमा अनुभव गरिएको भन्दा फरक किसिमले काम गरेको हुन्छ । अर्को ग्रहको परिवेश, पृथ्वीकै पनि भविष्यको अवस्था वा अर्को समानान्तर ब्रह्माण्डको परिकल्पना" (अब्राम्स, सन् २००४, पृ. २७८) का रूपमा गरिने कल्पना स्वैरकल्पना हो । विशुद्ध स्वैरकल्पना र विज्ञानविषयक स्वैरकल्पना दुवैमा काल्पनिकता प्रयोग भएको हुन्छ तर विज्ञान आख्यानमा गरिएको काल्पनिकता वर्तमानमा प्राप्त भएका वैज्ञानिक प्रणाली र कारणकार्य संयन्त्रको सिद्धान्तमा

आधारित हुन्छ । त्यसैले विज्ञान आख्यानमा विज्ञान सापेक्ष रूपले सम्भावनाको सत्याभास गरिएको हुन्छ । विज्ञान आख्यानमा हुने कल्पना र स्वैरकल्पनाका बिचको भिन्नताका विषयमा बराल (२०७८) को मान्यता यस प्रकार छ :

> स्वैरकल्पना र विज्ञान कथा दुवैमा यथार्थमा मेल नखाने प्रकारको काल्पनिक तत्त्वको प्रयोग हुन्छ भनिए पनि यस सन्दर्भमा बुझ्नुपर्ने कुरा के छ भने स्वैरकल्पनाले यस्तो प्रकारको संसारको रचना गर्छ जहाँ कहिल्यै पनि गमन गर्न सकिन्न तर विज्ञान कथाले भने सामान्यतः भूतको भन्दा पनि धेरै भविष्यको यात्रा तय गर्छ ...नवीन प्रविधिले युक्त हुन्छ तर विज्ञान भएकाले परीक्षणद्वारा प्रमाणित हुन्छ । (पृ. ४१)

स्वैरकल्पना र विज्ञानविषयक स्वैरकल्पना केवल सम्भावनीयका पक्षमा अन्तरबोध हुने अवधारणा हुन् । स्वैरकल्पना कोरा र कुनै भौतिकीय गुणका तहमा पुगेर परीक्षण गर्न नसकिने स्थिति हो । विज्ञानविषयक स्वैरकल्पना भौतिकीय गुणका वर्तमान अनुरूपण तथा सङ्केत प्रणाली र यसैको जगमा आधारित भई गरिएको भविष्यको पूर्वानुमान हो । विज्ञान स्वैरकल्पना वर्तमानको बिन्दुमा अडिएर भविष्यका बारेमा तयार गरिएको विम्ब हो । "विज्ञानमा आजका तथ्य तथा पदार्थका गुणका आधारमा सम्भावनाको सत्याभास हुनेगरी भविष्यप्रति तर्कपूर्ण कल्पना गरिन्छ । स्वैरकल्पना मानव चेतनाका तीव्र कलात्मक तरङ्ग वा अतिकल्पना भएका कारण यसमा सम्भावनाको सत्याभास कम र स्वतन्त्र कल्पनात्मक स्वभाव ज्यादा हुन्छ" (ढकाल, २०८०, पृ. ४७) । परीक्षणको स्थितिका कोणबाट नै कल्पना र स्वैरकल्पनाका बिचको अवधारणात्मक अन्तरबोध हुन्छ । त्यसैले विज्ञान स्वैरकल्पना सम्भावनाको सत्याभासमा अडिएकै हुनुपर्छ । विज्ञान र प्रविधि परीक्षणीय प्रणाली हो । यसको सिर्जना र उपयोग मानवको जीवनप्रणालीलाई संरक्षण गर्ने हेतुले तयार गरिएको हुन्छ । त्यसैले विज्ञानविषयक स्वैरकल्पना मानवलाई केन्द्रमा राखेर तयार गरिएको पदार्थीय गुण र त्यसका मिल्दा विशिष्टताका आधारमा सिर्जना गरिएको प्रणाली हो । विज्ञान र प्रविधिका पनि विविध नवीन ढाँचा विकास भएका छन् । त्यस्ता यान्त्रिकी प्रणालीका मूलमा "नवीन परिकल्पना, सम्भावनाको सत्याभास, वैज्ञानिक प्रविधिको उपयोग, बाह्य मानवको प्रयोग, मानवीय मूल्यप्रयोग र पृथक् परिवेशलाई" (एटम, २०७९, पृ. २५) संयोजन गरेमा विज्ञान आख्यान हुन्छ । त्यसैले विज्ञानविषयक स्वैरकल्पना वस्तु तथा पदार्थको गुण र तिनको समीकरणीय अवस्थाअनुसार बन्ने प्रारूपमाथि गरिने कल्पना हो । विज्ञान र प्रविधिमा विकसित भएका नवीन पद्धति र मानवले गरेको बहुआयामिक प्रयोगअनुसार यसका पनि प्रविधिगत शाखा देखा परेका छन् भने यही शाखाको कल्पना गरेर आख्यानमा विविध प्रयोग पनि गरिएका छन् । तिनको अवधारणात्मक व्याख्या यस प्रकार गरिएको छ :

सञ्चार र प्रविधिको विकाससँगै परोक्ष जगत्लाई सङ्केत, विम्ब, ध्वनि, बहुपाठ (लिपि र आरेखको समष्टि), गणितीय समीकरण र रङको संयोजनसमेत गरी पदार्थको प्रतिकृति तयार गर्ने पद्धति विकास भयो । यस्तो प्रतिकृतिमा मान्छेले यथार्थको भ्रम प्राप्त गरे । यथार्थको भ्रममा अभ्यस्त हुने सिलसिलामा भ्रम नै वास्तविक हो भन्ने बोधको तहमा मानव पुगेको छ । यसरी कम्प्युटरका स्क्रिनमा प्राप्त आन्तरिक डाटाप्रणाली र त्यस्तो डाटाप्रणालीका आधारमा प्राप्त भएको पाठ नै अधिपाठ हो । "छापापाठले निश्चित भौतिक आयाम र संरचना लिन्छ भने कम्प्युटरप्रणालीमा आधारित अधिपाठ एक प्रकारको भ्रम, मायावी, तरङ्गतुल्य, छद्म र काल्पनिक हुन्छ । छापापाठमा विविध सङ्केतलाई मानवको सामाजिक, सांस्कृतिक विश्वास र समुदायको पहिचानसँग जोडेर व्यवस्थित गरिएको हुन्छ । सङ्केत नै यथार्थ हुने पद्धतिलाई अधिपाठमा स्विकारिएको हुन्छ" (ढकाल, २०७८, पृ. ४६) । कम्प्युटर खास डाटा यन्त्रिकी र त्यस्तो यान्त्रिकीले सूत्रबद्ध रूपमा प्रक्षेपण गरेका विम्बको प्रक्षेपक हो । यस्ता विम्ब तरङ्ग सञ्जालमा केन्द्रित तथा अभौतिकीय हुन्छन् ।

मोहनराज शर्मा (२०६८) मा जर्ज ल्यान्डाउ र पाल डिल्यानीका अधिपाठ (हाइपर टेक्स्ट) सम्बन्धी मान्यतालाई यस प्रकार प्रस्तुत गरिएको छ :

> पाठ रैखिक, परिबद्ध र स्थिर हुन्छ । यसका विपरीत हाइपर पाठले प्रविधिका सहायताबाट बढी गतिशीलता र तरलता ल्याउने हुँदा पाठका उपर्युक्त सीमाहरू (गुणहरू) को अतिक्रमण गर्छ । यसको पठन नानुक्रमिक, प्रचालित र अन्तर्क्रियात्मक हुन्छ । हाइपर पाठ परोक्ष यथार्थ भएको हुँदा साइबर दिक् रहन्छ, तर यसमा डिजिटल तथा अभिलेखागारीय सामर्थ्य भएको हुँदा प्रचलनद्वारा नानुक्रमिक (अघिपछि, तलमाथि, भित्रबाहिर आदि) ढङ्गमा पढ्नदेख्न सकिन्छ । (पृ. झ)

अधिपाठ सञ्चारको साधन भाषालाई भौतिकीय आधारमा प्रस्तुत गर्ने प्रणालीको अभौतिक प्रतिप्रणाली हो । आधुनिक विज्ञानमा प्रस्तुत गरिएको पदार्थीय पिण्ड मापन (एस. आइ. युनिट) को प्रतिमापनीय आधारमा विकास गरिएको तथ्याधारित नियमन हो । बाइटस्, किगा बाइटस् र गिगा बाइटस् जस्ता आधारमा सम्प्रेषणका अभौतिक तथ्यलाई नियमन गरिएको छ । प्रतिरूप नै इन्टरनेट प्रणालीबाट प्रक्षेपित भएको हुन्छ । प्रतिब्रह्माण्ड, प्रतिमानव, प्रतिपारिस्थितिक प्रणाली, प्रतिमस्तिष्क, प्रतिबौद्धिकी जस्ता पक्षमा अधिपाठ केन्द्रित गरिएको छ ।

इन्टरनेट सञ्जालमा मानवलगायतका अन्य प्राणी र तिनका जैविकीय चक्रको प्रतिरूप साइबरपङ्क हो । वास्तविक प्राणी जगत्को विम्बलाई इन्टरनेट प्रणालीमा तथ्याधारित नियमन गरी गरिने प्रस्तुतिले भ्रम र यथार्थका बिचको अन्तर नै समाप्त गरेको अवस्था छ । विभिन्न इन्टरनेट खेलमा मानिसले वास्तविकताको आस्वादन गरी रमाएका घटना यसैका प्रतिफलन हुन् । साइबरपङ्क मानवलाई पृथ्वी र खगोलीय पिण्ड प्रणालीको भ्रम दिएर रमणीय बनाउने सञ्चारप्रविधिको प्रतिफल हो । “मोबाइल, ल्यापटप, आइप्याड, कम्प्युटरका विविध डिजिटल पेज आदिमा देखा परेका मानवका जस्तै संरचना, प्रस्तुति र प्रतिक्रिया दिने तथा मानवकै भ्रम उत्पन्न गर्ने विम्ब साइबरपङ्क हुन्” (अब्राम्स, सन् २००४, पृ. २७९) ।  साइबरको तरल तथा भ्रममय लाग्ने संसारमा देखिएका डमी, मानवीय तथा मानवेतर विविध प्रजातिका प्राणीको शरीरको भ्रम दिने चित्र, क्षणक्षणमा आकार बदल्ने प्राविधिक परिकल्पना सबै साइबरपङ्क हुन् । साइबरपङ्क साइबर संसारमा देखिने मानव अस्तित्वको प्रतिरूपीय परिकल्पना हो । साइबरपङ्कले मानवअस्तित्वमाथि प्रविधिको प्रभाव हेर्दछ, त्यससित सम्बन्ध राख्दछ । यसले एउटा परोक्ष सत्य अथवा अवास्तविक सत्य (भर्चुअल रियालिटी) लाई प्रस्तुत गर्दछ (भट्टराई, २०६४, पृ. ८५) । इन्टरनेट सञ्जालमा देखिएका प्रतिमानवीय तथा प्रतिजैविकीय स्वरूप, छाया वा तरङ्गतुल्य परिकल्पना साइबरपङ्क हुन् । साइबर संसारमा देखिएका सङ्केत पद्धति (कोड) का रूपमा पनि यसलाई अर्थ्याइएको छ (शर्मा, २०६८, पृ. घ) । कल्पित भावी संसार तथा त्यस्तो संसारमा देखिने मानवको भ्रम दिने गरी तयार गरिएका बहुरूपी स्वरूपलाई पनि साइबरपङ्क भनिएको पाइन्छ । विज्ञानविषयक आख्यानमा इन्टरनेट सञ्जालको नियन्त्रण र सन्तुलनद्वारा व्यवस्थापन गरिएका मानवीय संरचनातुल्य अर्धमानव (आधा मानव र आधा यन्त्र) को अवस्था र भ्रममय छाया साइबरपङ्क हो । जैविक मानवमा नै प्रविधिको पनि निवेषण भएको अवस्था साइबोर्ग हो । स्नायु अनुरूपण प्रविधि प्रयोग गरेर साइबोर्ग सिर्जना गरिएको देखिन्छ । मानवको मस्तिष्कमा अति सघन कार्बन चिप्स जडान गरेर कम्प्युटरको स्क्रिनमा मानवका संवेग तरङ्गको अध्ययन गर्ने पद्धति यसैको प्रायोगिक स्थिति हो । त्यसैगरी मानवका हात, गोडा, कानजस्ता कर्मेन्द्रियमा प्रविधिले अतिरिक्त सक्यता निर्माण गर्ने गरी जडान गरिएका प्रविधि वा अङ्गाकृति पनि साइबोर्ग हुन् ।

प्रविधिमा डाटालाई विशेष उपग्रहको प्रयोग गरी डाटाको संश्लेषण गर्ने, विश्लेषण गर्ने क्षमता विकास गरिएको छ। प्राकृतिक मानवले मस्तिष्कको सिर्जनात्मक क्षमता प्रयोग गरेर जैविकीय उत्पादक प्रकार्य सम्पन्न गरेको हुन्छ भने प्रविधिमा खास डाटा प्रणालीको दायरामा रहने खालको प्रकार्य क्षमता विकास गरिएको हुन्छ । यसलाई प्रतिमस्तिष्क प्रणाली भनिन्छ। कृत्रिम बुद्धिमत्ता डाटाप्रणालीको नियोजित प्रतिफलन हो। कृत्रिम बुद्धिमत्ताको अवधारणाका सम्बन्धमा ढकाल (२०७९) को विचार यस प्रकार उल्लेख गरिएको छ :

> वैज्ञानिकले मानवजस्तै संरचनामा संरचित तथा सूचनालाई तथ्याधारित (डाटा बेस) प्रविधिबाट प्रस्तुत गर्ने सिलसिलामा कृत्रिम बुद्धिमत्ताको प्रविधिगत अवधारणा र प्रयोग विकास भएको हो। त्यसैले मानवाकृतिमा कुनै यन्त्रको संरचना र मानवले जस्तै परिकल्पना गरेर वरिपरिको दिक् तथा कालको सिर्जनात्मक उपयोग गर्ने क्षमता भएको यन्त्र कृत्रिम बुद्धिमत्ता हो। (पृ. ४०)

कृत्रिम बुद्धिमत्ता तथ्याधारित प्रणाली हो । परोक्ष रूपमा निवेषण गरिएका सूचना तथा त्यस्ता सूचनालाई संयन्त्रीकरण गरेर तयार गरिएको बाह्य प्रतिफलन नै कृत्रिम बुद्धिमत्ता हो। यसमा निवेषित तथ्याधारित भएर संयन्त्रको प्रकार्यात्मक ढाँचाअनुसार प्रतिफलन प्रस्तुत गरिएको हुन्छ। त्यसैले यसमा जैविक मानवको जस्तो स्वयंमा नवीनताका बारे सोच्ने र तर्क गर्ने प्रणाली हुन्न ।

> हामीले प्लानेटका भौतिक दिक् तथा कलागत विशिष्टता परिवर्तन गर्न सक्तैनौँ तर कुनै समयमा प्लानेटका कारण हाम्रो अस्तित्व सङ्कटमा पर्ने खतरा भएको अवस्थामा एआइले सहयोग गर्ने तर्क साइबरनेटिक्सका विज्ञानीको तर्क छ। नाइटभिजनको क्षमता विस्तार, प्लानेटको तापक्रम मापन गर्न सक्ने क्षमता र प्लानेटका खतरापूर्ण पारिस्थितिक प्रणालीको ज्ञान लिएर विविध प्रजातिको अस्तित्व रक्षामा योगदान गर्न सक्छौँ भन्ने मान्यता निल हार्बिसनको देखिन्छ। (ढकाल, सन् २०२२, पृ. १७८)

कृत्रिम बुद्धिमत्ता वैकल्पिक प्रणाली हो । स्नायु अनुरूपण गरी मानवमा कृत्रिम बुद्धिमत्ता सिर्जना गर्नेदेखि फरक संरचना भएको यन्त्र तथा त्यसमा सिर्जना गरिएको इच्छा कृत्रिम बुद्धिमत्ता हो। प्राकृतिक संरचना तथा गुणको अनुरूपण गरिएको तथा ऊर्जा प्रणालीद्वारा सक्रिय हुने संयन्त्रीकरण नै कृत्रिम बुद्धिमत्ता हो।

## विमर्श र परिणाम

नेपाली उपन्यासमा विज्ञानविषयक स्वैरकल्पना मानवतालाई केन्द्रमा राखेर गरिएको आख्यानीकरणका रूपमा देखिन्छ। भविष्यप्रति चिन्तित भई मानवको अस्तित्वबारे गरिएका कल्पना नै स्वैरकल्पनामा आएका छन्। विज्ञान र प्रविधिको उन्नतिका कारण मानवका आगामी जीवनशैलीमा हुने सम्भावित रूपान्तरण नै स्वैरकल्पनाको समूल आधार हो । नेपाली उपन्यासमा विज्ञानविषयक स्वैरकल्पना प्रयोगको सर्वेक्षण र आख्यानीकरणका प्रवृत्तिको विश्लेषण यस प्रकार गरिएको छ :

### स्वैरकाल्पनिक उपन्यासको सर्वेक्षण

नेपाली उपन्यासको उत्तरवर्ती चरणमा समाजमा आएका युगीन परिवर्तनका प्रभाव सिर्जनात्मक पृष्ठभूमि बनेको छ। वि.सं. २०३६ को जनमत सङ्ग्रह, २०४२ को नाकाबन्दी, २०४५-४६ को जनआन्दोलनबाट प्राप्त उदार तथा खुला

बजारमुखी अर्थतन्त्र जस्ता पक्षले स्रष्टाको औपन्यासिक कला र सौन्दर्यबोधमा प्रभाव पारेको देखिन्छ । यसैका कारण उपन्यास लेखनमा सहकार्य गर्ने तथा वस्तुसङ्गठनमा नवीनता प्रस्तुत गर्ने पृथक् तथा उदारतामुखी सोच विकास भएको हो (प्रधान, २०६१, पृ. १९८) । यसमा नेपाली उपन्यासको वस्तुसङ्गठनात्मक पृथक् धार तथा उपन्यास लेखनमा सहकार्यका माध्यमद्वारा लेखनको फरक शैलीलाई सङ्केत गरिएको छ । यसमा विज्ञान उपन्यासमा प्रत्यक्ष कुनै संलग्नता नदेखाए तापनि उपन्यासकारमा विकास भएको पृथक् मूल्य तथा लेखनको नयाँ पक्षलाई भने समेटिएको छ । यही उदारता केन्द्रित पृष्ठभूमिमा सरुभक्तको *एक अभिनवको आत्मकथा* (२०४४) प्रकाशित भएको छ । उपन्यासको विषयवस्तुका रूपमा चयन गरिएका तत्कालीन विषय क्षेत्रका तुलनामा “यसमा विषयगत नवीनता र स्तरीयता छ” (श्रेष्ठ र शर्मा, २०५६, पृ. ११२) । यस उपन्यासमा खगोलीय यात्रामा निस्केका यामा (यन्त्रमानव) र अभिनव मानवका गतिविधि चित्रण गरिएको छ । “स्वैरकाल्पनिक उपन्यासको प्रकाशन यात्रामा वैज्ञानिक स्वैरकल्पनाको अभाव” (एटम, २०६७, पृ. २१) छ । स्वैरकल्पनाको तार्किक र सैद्धान्तिक प्रस्टतामा अन्योल भएको भन्ने सङ्केत एटमले गरेको देखिन्छ तर विज्ञानविषयक स्वैरकल्पनाको प्रयोग भने वि.सं. २०४४ मा नै भएको देखिन्छ । त्यसैले एकातिर शुद्ध कल्पना र प्रयोजनमुखी कल्पनाको अन्तरमा विरोधको अवस्था तथा अर्कातिर विज्ञान एवं प्रविधिमा आज देखिएका नवीनता र यसको उत्तरदानमा आधारित विज्ञान स्वैरकल्पनाको पहिचान केन्द्रित विमर्शमा उत्तरवर्ती नेपाली उपन्यासको स्वैरकल्पना विकसित हुन थालेको छ ।

विज्ञानविषयक नेपाली उपन्यास परम्परामा टंक चौलागाईं (२०६८) को *जिरो कटेज* पृथक् औपन्यासिक कृति हो । इन्टरनेट सञ्जालको द्रूत विकासको आजको अवस्थाबाट सोच्दा मानवको भविष्य कस्तो अवस्थामा पुग्ला भन्ने कल्पना यसमा गरिएको छ । त्यसैले यो मानवलगायत पृथ्वीका जैविक तथा अजैविक चक्रको अनागतका बारेमा गरिएको कल्पना हो । आद्योपान्त इन्टरनेट प्रणालीद्वारा नियन्त्रित छुट्टै इच्छा (इन्टेन्ट) मा केन्द्रित गरेर *जिरो कटेज*लाई पूर्णतः साइबर उपन्यास बनाइएको छ । “पूर्णतः साइबरआख्यान नभएका बेला नेपाली साहित्यमा यो कृति सम्पूर्णतः साइबरउपन्यास भएर देखा परेको छ । यस *जिरो कटेज*लाई नेपालीको पहिलो सम्पूर्ण साइबरउपन्यास भन्न आनेकाने गरिरहनु पर्दैन” (शर्मा, २०६८, पृ. क) । नेपाल नामक देशका प्रतिभाशाली विद्यार्थीलाई जिरो कटेज नामक प्रविधि नियन्त्रित शालामा हुर्काइएको छ । ती विद्यार्थीका सारा जीवनशैली प्रविधि निर्मित कृत्रिम परिवेश तथा संज्ञान स्रोतमा आधारित गरिएको छ । “प्रविधि संस्कृतिका कारण कृत्रिम बुद्धिमत्ता, साइबरपङ्क र पर्यावरणमा परेका प्रतिकूलताजस्ता विषयलाई यस उपन्यासमा नवीन परिकल्पनाको सन्दर्भ बनाइएको छ । प्रकृतिबाट कृति तयार गर्दा मानवले पदार्थको स्वाभाविक मूल्य कृतिमा अनुभव गरेको हुन्छ तर अहिलेको समयमा प्रतिकृतिको दबदबा रहेका कारण प्रतीकमा प्राप्त हुने मूल्यको स्वाभाविकता अन्त्य भएको” (ढकाल, २०७८, पृ. ५२) आख्यान यस उपन्यासमा छ । छापा विम्बबाट बिस्तारै विद्युतीय प्रतिकृतिमा केन्द्रित बनेको वर्तमान मानव जीवनका दिक् पूर्णतः प्रतिकृतिमा परिणत भएको स्वैरकाल्पनिक चित्रण *जिरो कटेज* उपन्यासको विषयगत पृथक्ता हो ।

विज्ञान उपन्यासको प्रकाशन क्रममा रमेश पौडेल (२०६९) को *द सुप्रिम ह्युमन* पनि देखिन्छ । यस उपन्यासमा सर्वोच्च मानव समाजको खोजीलाई काल्पनिक रूपले प्रस्तुत गरिएको छ । विज्ञानविषयक स्वैरकल्पनाको प्रचुर प्रयोग भएको यस उपन्यासमा कल्पना गरिएको सर्वोच्च मानव समाज “...त्यस्तो समाज हो, जुन संस्कृत पौराणिक ग्रन्थहरूले वर्णन गरेको सत्ययुगीन समाज र कार्ल मार्क्सले कल्पना गरेको समाजवादपछिको साम्यवादी समाजभन्दा कता हो कता महान् छ” (प्रसाईं, २०६९, पृ. ९) उल्लेख छ । विज्ञान र प्रविधिको अकल्पनीय उपलब्धि प्राप्त भएको अवस्थामा वर्ग संरचनाका अहिलेका सारा आधार समाप्त हुने तथा परिवार, नातासम्बन्ध, त्यस्ता सम्बन्धका बिचमा मानिएको नैतिक तथा अनैतिकका मूल्य, राष्ट्रियताका मानक सबै समाप्त हुने तथा मानव र अन्य प्रजातिका बिचको समान अस्तित्व

स्थापित हुने साम्यवादी दिक्को कल्पना यसमा छ। यस्तो कल्पना केवल कोरा वर्णन नभई सम्भावनाको सत्याभास हुने गरी प्रविधिमा केन्द्रित गरिएको छ।

विज्ञान र प्रविधिमा केन्द्रीकृत बन्दै गएको नेपाली समाजको अवस्थालाई विष्णु एस. राई (२०७५) कृत् *पहेली* उपन्यासमा विषयवस्तु बनाइएको छ। उपन्यासको आवरण पृष्ठमा नै सत्य घटनामा आधारित छ भनी उल्लेख गरिएका कारण यसमा नेपाली समाजको यथार्थ अवस्था आख्यानीकरण भएको देखिन्छ। इन्टरनेट सञ्जाल, मानवीय यौनिक संवेदना र पारिवारिक तथा सामाजिक मूल्यको विघटन हुँदै गएको अवस्थालाई यस उपन्यासमा पौराणिक मिथको समेत संयोजन गरी प्रस्तुत गरिएको छ। समाजको यथार्थ विषयवस्तु आख्यानीकरण भएका कारण यस उपन्यासमा स्वैरकल्पना देखिँदैन तर विज्ञान तथा प्रविधिको यथेष्ठ प्रयोग गरी आख्यानीकरण गरिएका कारण विज्ञान उपन्यासको कोटिमा यसलाई राख्नु अन्यथा देखिन्न। “प्रौद्योगिकीको एउटा प्रबल पक्ष साइबर हो- विद्युतीय सञ्चार सञ्जाल अर्थात् इन्टरनेटसँग सम्बद्धता। यस्तो सम्बद्धता भएको साहित्यलाई साइबर साहित्य र यो उपन्यास त्यही वर्गमा पर्छ” (शर्मा, २०७५, आवरण पृष्ठ)। इन्टरनेट मानव जीवनको जीवनशैली बनेको छ। यसको वैज्ञानिक संयन्त्र प्रणाली हुन्छ भने मानव समाजका मूल्य र मान्यताको संस्थागत व्यवहारको सदस्य हो। त्यसैले इन्टरनेटको प्रयोग सदुपयोग वा दुरूपयोग मानव र मानवका सामाजिक मूल्य सापेक्ष विषय हो। “यसमा दुईवटा परस्पर विरोधी पृष्ठभूमि छन्- हाम्रो समाजले स्थापना गरेको युगौँदेखि पालना हुँदै आएको मूल्य मान्यता र मर्यादाको धागो त्यसको एउटा मसिनो डोरा बनेको छ। त्यसको विपरीत वर्तमान समयले, खासगरी विज्ञान र प्रविधिले बनाएको एउटा विशाल राजपथ” (भट्टराई, २०७५, आवरण पृष्ठ) भनी सामाजिक मूल्यको सदस्यका रूपमा रहेको मानव र इन्टरनेटद्वारा सिर्जित विश्व समेटेको सञ्जालका बिचको सम्बन्ध प्रस्तुत भएको देखिन्छ। नेपाली समाजका सांस्कृतिक मूल्य तथा नारीका जैविक धर्मलाई इन्टरनेट प्रणालीको प्रभावका कारण पारेको प्रभाव नै यस उपन्यासको आख्यानीकृत विषय हो।

प्रविधिमा केन्द्रित बन्दै गएको मानवको भविष्यतर्फ गहिरो चासो राखिएको उपन्यास मुक्तिप्रसाद उपाध्याय (सन् २०१९) को *कान्छी* अर्को पृथक् कृति हो। यस उपन्यासमा मानवीय अङ्ग प्रणालीको विद्युतीय अनुरूपण विधि प्रयोग गरी साइबोर्ग तयार गरिएको तथा उक्त साइबोर्गमा मानवका सारा संवेग विशिष्टताको संश्लेषण तरङ्गपद्धतिबाट गरिएको आख्यान छ। *कान्छी* उपन्यासमा स्नायु अनुरूपण (न्युरालिङ्क) विधिको प्रयोग गरी तयार गरिएको साइबोर्ग सर्वसुलभ भएको तथा मानवका जैविक प्राकृतिक संवेगको समेत दाबी गर्न थालिएको दिक् आख्यानीकरण भएको छ।

> कान्छी उपन्यासको केन्द्रमा छ ऋमारवि रोबोट फ्याक्ट्री जसका उत्पादनले गरेका अर्धमानवीय चमत्कारले यो कृति बनेको छ। एक साइबरीय रोबोटिक पात्र कान्छीको निर्दोषिता, अज्ञानता र अकल्पनीय डिग्रीको दक्षता उदेक लाग्दो मात्र छैन, त्यस यताभित्र आरोपित प्रोटोजिनमा मानवीय संवेदनाका अन्य तत्त्व पनि पसेको देख्दा र लेखक पात्र पनि सोही यन्त्रसित प्रेममा फँसेको देख्दा ठुलो आश्चर्य लाग्छ। (भट्टराई, सन् २०१९, पृ. ७)

प्रविधिको उन्नत अवस्था र मानवले भविष्यमा गर्ने प्रविधि प्रयोगको दिशाबोध *कान्छी* उपन्यासमा आख्यानीकरण भएको छ। अहिले नै विविध प्रकारका यन्त्रमानव (रोबोट) को प्रयोग मान्छेको अभिन्न जीवनशैली बनेको अवस्था छ। यही गति प्रविधिमा रहे साइबोर्गले प्रेमप्रणय सम्बन्धसमेत राख्ने र गर्भाधारणको जैविकीय चाहनासमेत आफूमा रहेको अभिव्यक्ति दिने अवस्था सिर्जना हुने देखिन्छ। त्यसैले *कान्छी* नेपाली विज्ञान उपन्यासको परम्परामा नीतनवीन र उत्तरोत्तर विकासको पूर्वसङ्केत बनेको देखिन्छ। आख्यानीकरणमा प्रस्तुत भएको जीवनशैली सम्भावनाको सत्याभासका दृष्टिले पनि अनुकूल छ।

विज्ञानविषयक स्वैरकाल्पनिक उपन्यासको सूचीमा श्रीधर खनाल (२०८१) को *सावर्णि* विशेष विषयवस्तुमा आधारित छ । प्रविधिको विकासले अन्तरग्रहीय सम्बन्ध स्थापित भएको दिक् यस उपन्यासमा कल्पना गरिएको छ । पृथ्वीमा प्रविधिआश्रित जीवन प्रणालीका कारण मानवको जैविक अस्तित्व समाप्त भएको र निर्मित मानव (रोबोट) को साम्राज्य स्थापित भएको अवस्था छ । त्यसैगरी आज मङ्गल ग्रहमा मानव बस्तीको सम्भाव्यता अध्ययन भएको अवस्थाको उत्तरदानका रूपमा मानवको जैविक निरन्तरता मङ्गल ग्रहमा पनि भएको दिक् प्रस्तुत गरिएको छ । अन्ततः जैविक मानवका निम्ति मङ्गल ग्रह पनि प्रतिकूल बनेका कारण पृथ्वीमा रहेका निर्मित मानवसँग पुनः युद्ध लडेर जीवनको निरन्तरता तथा अस्तित्वको खोजी गरिएको अनागत उपन्यासमा आएको छ। मानवको भविष्यलाई मिथकीय मिश्रणसमेत गर्दै गरिएको स्वैरकल्पना यसमा निकै सघन तथा सम्भावनाको सत्याभाससमेत गर्ने किसिमले प्रस्तुत भएको छ । "अबको युग कस्तो होला ? कसको नियन्त्रणमा होला ? के अबको दुनियाँलाई आर्टिफिसियल इन्टेलिजेन्सले बदल्दै छ ? नियन्त्रणमा लग्दै छ ? हामी डराउनुपर्ने हो वा होइन ? अर्टिफिसियल इन्टेलिजेन्स हाम्रा लागि बरदान कि अभिशाप ?" (खनाल, २०८१, भूमिका पृष्ठ) भनी उपन्यासकारले आज हाम्रा सामू प्रविधिका जेजस्ता सुविधा उपलब्ध भएका छन्, यसको उन्नत रूपमा मानव प्रवेश गरेको अवस्थामा मानवको सम्भावित भविष्य सङ्केत गरेका छन् । प्रविधि मानवको जैविक अस्तित्वका निम्ति हो तर यसको अत्यधिक प्रयोग र अनुसन्धानबाट थप नवीनता समेत थपिएको अवस्थामा मानव सङ्कटको सङ्घारमा पुग्ने भविष्यलाई यस उपन्यासमा आख्यानीकरण गरिएको छ ।

विज्ञानविषयक उपन्यास तथा तिनमा प्रयुक्त विषयको आख्यानीकरणका आधारमा प्राप्त भएका विषयगत प्रवृत्तिको विश्लेषण यस प्रकार गरिएको छ :

## अधिपाठीय सञ्चार प्रणाली

नेपाली उपन्यासमा विज्ञानविषयक स्वैरकल्पना प्रस्तुत गर्दा परोक्ष डाटा प्रणाली तथा दिक् र कालमा गरिएको अभौतिकीय रूपान्तरण देखिन्छ । सर्वकालिक तथा सर्वस्थानिक सम्प्रेषण प्रणालीको प्रभावमा चरित्रहरू परेका छन् । यस्तो सम्प्रेषण प्रणालीलाई नै साध्य बनाएर आख्यानीकरण गरिएका सन्दर्भ पनि छन् । मानवीय स्वभाव, व्यवहार, सामाजिक क्रियाकलाप, पारस्परिक सम्बन्ध, सनातन आस्थाजस्ता विषयलाई डाटाका रूपमा रूपान्तरण गरेपछि त्यसले प्रजनक (लगरिदमिक) रूप लिने तथा यस्तो प्रजनक प्रणालीले सर्वस्थानिक प्रकार्य प्रस्तुत गर्ने अवस्थालाई आख्यानीकरण गरिएको छ। "ती दृश्य कहिले भित्रबाट बाहिर निस्कन्थे। कहिले बाहिरबाट भित्र पस्थे। दृश्यहरू कहिले माथिबाट तलतिर झर्थे त कहिले तलबाट माथितिर सर्थे। त्यही दृश्य कुनै बेला बादलजस्तै मडारिन्थे...." (चौलागाईं, २०६८, पृ. १३) मा डर्मियल-२० यानमा देखिएको डाटा प्रणाली प्रस्तुत छ। भौतिक पदार्थलाई यसरी यानमा बसेर अभौतिकीय अस्तित्वमा प्राप्त गरिएको अवस्था छ । आज नै डिजिटज खेल खेल्ने बालबालिकाले यस्ता सर्वकालिक तथा सर्वस्थानिक पाठमा रमेका गतिविधि हामी देख्दै छौँ भने यानमा जडान गरिएको यस्तो प्रणालीमा पनि सम्भावनाको सत्याभास देखिन्छ । हाम्रा व्यक्तिगत तथा सांस्कारिक मूल्यलाई डाटामा परिणत गरेर यन्त्रमानवमा निवेषण गर्ने र सहयोगीका रूपमा तिनबाट अपेक्षित कार्य गराउने व्यवहार आजको यथार्थ हो । यसैलाई आख्यानीकरण गरेर यन्त्रमानवमा सांस्कृतिक निष्ठासमेत निवेषित गरिएको छ। "...हामीले कान्छीमा हाम्रो परम्परा, संस्कार-संस्कृति र आध्यात्मिक भावनाहरू पनि समावेश गराएका छौँ । ....कान्छी आफैँ कार हाँकेर तपाईंकी आमालाई मन्दिर वा कुनै पुराण आदि धार्मिक अनुष्ठानमा पनि लान सक्छे" (उपाध्याय, सन् २०१९, पृ. २८) का रूपमा मानवीय व्यवहारको डाटा प्रणाली निवेषण गरिएको छ। यसको प्रतिफलनस्वरूप मानिसले आफ्ना सांस्कारिक अनुष्ठानमा सहयात्री पाएको छ । यस्तो डाटाप्रणाली कुनै एक

यन्त्रमानवमा र कुनै एक स्थानमा मात्र प्रयोग हुने नभई सर्वकालिक तथा सर्वस्थानिक रूपमा प्रस्तुत हुन्छ । इमेलका माध्यमबाट हाम्रा व्यवहार र गतिविधिलाई डाटाका रूपमा सर्वकालिक एवं सर्वस्थानिक त हामी आज नै बनाइरहेका छौँ । यस्तो सञ्चितीमा हाम्रो नियन्त्रण तथा अधिकार नहुने दिन आजै आएको छ । यस्तो अवस्थामा हाम्रा जानकारी काल्पनिक भगवान् बनेर अरू कसैले सङ्ग्रहण गरेको छ भने ती सबै जानकारी उसले बताएकामा हामी आश्चर्य चकित पर्ने अवस्था पनि आएको छ । “तिमीले मोबाइलमा एउटा एप डाउन लोड गर्‍यौ, जुन भर्खर ट्रायल फेजमा लन्च भएको एप थियो । आर्टिफिसियल इन्टेलिजेन्सम्बन्धी अनुसन्धान गर्ने विश्वविख्यात कम्पनीले निर्माण गरेको त्यो एपको नाम GPT2000 थियो । तिमीले यो एपमा लगइन गर्‍यौ । केही नसोची आफ्नो डाटा हामीलाई दियौ” (खनाल, २०८१, पृ. ४) । इन्टरनेट सञ्जालका कारण हरेक व्यक्तिका निजी तथा अन्य व्यावसायिक पक्ष परोक्ष डाटा प्रणालीको नियन्त्रणमा पुगेका छन् । सम्बद्ध व्यक्तिका निम्ति मात्र नभई जोसुकैले पनि व्यक्तिका गोपनीयता प्राप्त गर्न सक्ने तथा यस्तो गोपनीयता सर्वकालीन हुने स्थिति आजको यथार्थ हो । यसैको आख्यानीकरण गरी प्रविधिसंस्कृतिमा फस्दै गएको मानव तथा निजीपन मेटिएर असुरक्षित बन्न पुगेको मानवको जीवनशैलीकै सम्भावनाको सत्याभास हुनेगरी अधिपाठ तयार गरिएको देखिन्छ । मानवले सभ्यता निर्माण गरेसँगै पृथ्वी पनि साँघुरो बन्न सक्ने तथा त्यतिबेला अन्तरिक्षीय आवागमन सहज बन्न गई जैविक प्रणालीको साटो मानवनिर्मित प्रणालीमा मान्छे तयार हुने दिक्को पनि कल्पना गरिएको छ । यस्तो अवस्थामा सूचनाको सङ्ग्रहण तथा यन्त्रसँगको समन्वय पनि अधिपाठीय रूपले विकसित हुने स्थिति काल्पनिक बनेको छ ।

## साइबरपङ्क पात्र प्रयोग

नेपाली विज्ञानविषयक उपन्यासमा साइबर जगत्का डाटा निर्मित पात्रको प्रयोग सघन रूपले देखिन्छ । मानवका सामाजिक तथा सांस्कृतिक आस्था एवं ज्ञानका दायरा सीमित भएसँगै प्रविधिको पहुँच निर्माणमा केन्द्रित उत्तरमानवको समय आयो । यस्तो समयमा मानवीय रूचि, तर्क, प्रतिभा तथा सिर्जना पनि साइबर जगत्को नवीनतामा केन्द्रित भयो । त्यसैले आख्यानीकरणमा पनि यसैका प्रभावमा निःसृत पात्रको प्रयोग गरिएको देखिन्छ । यस्ता पात्रलाई कोरा काल्पनिकताका आधारमा प्रयोग गर्ने आरम्भिक कार्य सरुभक्त (२०४४) को *एक अभिनवको आत्मकथा*मा देखिन्छ । मानव प्रजाति विनष्ट भएको परिवेश कल्पना गरेर यामा र अभिनव यामाको दिक् आरम्भ भएको स्थितिलाई साइबरपङ्का रूपमा प्रयोग गरिएको छ । “११३, तिमी अत्यन्त कुशल मूर्तिकार हौ, यस कुरामा कुनै सन्देह छैन । म तिमीलाई एक विश्वस्त वफादार मित्र सम्झन्छु...मतलब...तिमीले मेरो आशय बुझ्यौ होला । मुखिया एक्स रे क्यामराको आँखालेझैँ मूर्तिकारलाई हेर्छ” (सरुभक्त, २०७२, पृ. ११८) बाट पृथ्वी नामक ग्रहमा जैविक मानवका प्रजाति समाप्त भएपछि यामा र अभिनव यामाको समाज विकास भएको अवस्था प्रस्तुत छ । जसरी मानव प्रजातिमा टाठाबाठाले अगुवाइ र बठ्याईं गर्ने प्रवृत्ति थियो त्यसैगरी साइबरपङ्को जगत्मा पनि अनुरूपण गरी पात्र सिर्जना गरिएको छ । पृथ्वीमा आणविक होडबाजी चलेपछि नष्ट भएको पृथ्वीको जैविक प्रणालीको रक्षार्थ तयार गरिएको कटेज पूर्णतः साइबर दिक् हो । यस कटेजमा निर्माण गरिएका प्रणाली तथा त्यसको गतिशीलता विकासका निम्ति तयार गरिएका पात्र अनुरूपीकृत हुन् । “...उपन्यासमा देखापरेका बायोम्यानहरू, डिक्स डिन्, डा. डिक्स, मञ्चकी केटी, भालाधारीहरू आदि वास्तविक नभएर अनुरूपीकृतका रूपमा प्रस्तुत पात्र हुन्” (शर्मा, २०६८, पृ. ञ) बाट पनि साइबरपङ्कहरू अहिलेको उत्तरमानवका रुचिक्षेत्रका कारण पात्रका रूपमा प्रयोग भएका छन् । डा. डिक्सले पृथ्वीको सतहमा बसेर दिएको निर्देशन, डा. सान्ट्रो पृथ्वीको सतहमुनि रोबो ड्राइभको विशेष यान्त्रिकी प्रणाली चलाएर अघि बढेको, पृथ्वीको सतहभित्रको दिक् तथा त्यहाँ मिलेका खनिजका भण्डार आदि साइबरपङ्का रूपमा आएका छन् । मानवेतर अस्तित्वको कल्पना, त्यसको सञ्चालन

प्रणाली र परिवर्तित अवस्थाअनुसारको प्रयोजन प्रस्तुत भएको छ । यस्ता अभौतिक संयन्त्रको कल्पना र तिनले घटनाको गति विकासमा खेलको भूमिका पनि साइबरपङ्क हो । साइबरपङ्कलाई मानवीय जैविक प्रणालीको निकट तुल्याउने क्रममा उपाध्याय (सन् २०१९) सम्भावनाको सत्याभास सिर्जना गर्न यस प्रकार उद्यत देखिन्छन् :

> मैले बुझिसकेकी छु सबै कुरो । रक्तसञ्चार गर्ने तपाईंहरूको मुटु छ । त्यस मुटुमा भावना छ, मन छ, माया छ, प्रेम छ ...कृष्णजी ! मलाई पनि पेट बोक्ने इच्छा छ । मलाई पनि दिदीले जस्तै नानी जन्माउनु छ । म पनि सक्छु । किन सक्तिनँ ? मेरो मस्तिष्कमा यी सबै कुराहरूले घरीघरी सताइरहेको छ । (पृ. ९४)

यान्त्रिक प्रणाली र त्यसको बाह्य प्रतिफलनको शुष्कतामा मात्र साइबरपङ्क सीमित छैन । विभिन्न भाषिक कोडको निवेषणपश्चात् अभौतिक सञ्जाल (प्रोग्रामिङ) ले दिने प्रतिफलनात्मक व्यवहारका अतिरिक्त जैविक गुणको समेत माग गर्न थालेका साइबरपङ्क आख्यानको पात्र बनेका छन् । यसले मानवको जैविक स्वत्व, प्रजनन् प्रक्रिया तथा प्राकृतिक अधिकारमाथि नै प्रश्न सिर्जना गरेको छ । खनाल (२०८१) को *सावर्णि*मा मङ्गल ग्रहमा वर्चस्व कायम गरेका जैविक मानवका सन्तति पनि जैविक गुण र क्षमता नष्ट भई पर्सनल असिस्टेन्स सिरीको सहयोगमा पुगेको दिक् छ । "देरिका मस्त निद्रामा छे । उसको पर्सनल असिस्टेन्स देरिक उसको निगरानी गर्दै छ । मुटुको चाल, ब्लड प्रेसर, अक्सिजन लेभल, सपना, अवचेतन मन, चेतना, हर्मोनको विकासलगायत सूचक उमेरअनुसार सही छन् । देरिकलाई ढुक्क भयो" (खनाल, २०८१, पृ. २६) । एकातिर पृथ्वीका जैविक मानवको अस्तित्व समाप्त भएर यन्त्रमानवको राज्य चलेको तथा अर्कातिर मङ्गल ग्रहका जैविक मानवका सन्तति पनि आफ्ना प्राकृतिक गुणरहित अवस्थामा पुगेको दिक् स्वैरकल्पनात्मक रूपले आएको छ । सम्भावनाको सत्याभास हुने गरी यस्तो दिक् र साइबरपङ्क पात्र प्रयोग भएको छ किनभने अहिले नै रोबोटको वर्चस्व उद्योगमा देखिएको छ ।

## कृत्रिम बुद्धिमत्ता

नेपाली विज्ञानविषयक उपन्यासमा डाटाको सङ्ग्रहणसम्बद्ध परोक्ष प्रणाली सघन रूपले प्रयोग भएको छ । इन्टरनेट सञ्जाल नै यसको आधारभूत पक्ष हो । कुनै पनि व्यक्तिका रुचि, स्वभाव, प्राथमिकता, सम्बद्धता, आर्थिकलगायतका क्रियाकलाप सबै इमेलका माध्यमद्वारा परोक्ष डाटामा परिणत भएका छन् । यसरी परोक्ष बनेको डाटा प्रणाली व्यक्तिको नियन्त्रणभन्दा बाहिर पुगेको छ । यसैलाई सङ्ग्रहण तथा विश्लेषण गरेर डाटा पाठमा परिणत गरिएको छ भने यस्तो पाठ सर्वकालिक र सर्वस्थानिक पनि बनेको छ । यस्तो स्थितिलाई नेपाली उपन्यासमा क्रमिक रूपले विज्ञानसम्बद्ध तुल्याइएको छ । सरुभक्त (२०७२) को *एक अभिनवको आत्मकथा*मा पृथ्वीमा जैविक मानव समाप्त भएपछिको दिक् स्वैरकाल्पनिक रूपले प्रस्तुत छ । यामा र अभिनव यामाहरू पृथ्वीकै पुननिर्माण र सभ्यताको पुनर्जागरणको झल्को दिने गरी संवाद गरिरहेका छन् तर तिनको संवाद डाटा पाठका रूपमा कसरी परिणत भयो र डाटा संश्लेषणको परिणामस्वरूप तिनले संवाद गरेका हुन् भन्ने आधार छैन । चौलागाईं (२०६८) को *जिरो कटेज*मा डाटाको संश्लेषण प्रणाली निकै सशक्त रूपले तयार गरिएको जिरो कटेज नै तयार गरिएको छ । एक पटक कुनै पात्रको जैविक पिण्डलाई स्क्यान गरेपछि उसका सबै आनिबानी, रुचि र स्वभावअनुसारका सामग्री कोठामै आइपुग्ने प्रविधि तयार गरिएको कल्पना छ । यसमा सम्भावनाको सत्याभास देखिन्छ किनभने कृत्रिम बुद्धिमत्ता अहिले नै यति सशक्त छ कि आँखाको रेटिनाबाट बायोम्याट्रिक तयार गरिसकिएको छ । "कुनै पनि कि थिचेपछि पहेँलो बत्ती बल्यो भने काम सफल हुन्छ । रातो बत्ती बल्यो भने काम असफल हुन्छ । अबको केही समयपछि तिमीहरूको उमेरअनुसारको कपडा निस्किन्छ । त्यो तिमीहरूले लगाउनू । कपडा लगाउन कोठाको दाहिनेपट्टिको क्याबिन प्रयोग गर"(चौलागाईं, २०६८, पृ. ३६) को दिक् प्रस्तुत छ । यस्तो स्थिति डाटाको

सङ्ग्रहण तथा विश्लेषण प्रविधिबाट नै सम्भव हुन्छ । यस्तो स्थिति कृत्रिम बुद्धिमत्ता हो । राई (२०७५) को *पहेली*मा अहिल्याले परपुरुषसँग राखेको गोप्य सम्बन्धको कारण, परिणाम र समाधानको उपाय बुझ्न परोक्ष डाटा प्रणालीलाई नै प्रयोग गरिएको छ । घरैमा बसीबसी समाजको गति, व्यक्तिका रुचि, अन्य देशमा घटेका यस्ता घटना र समाधानका उपाय प्राप्त गरिएको छ । यसमा पनि परोक्ष डाटा प्रणालीका तहमा कृत्रिम बौद्धिकता प्रयोग भएको छ । उपाध्याय (सन् २०१९) को *कान्छी विज्ञान उपन्यास*मा कृत्रिम बौद्धिकता अहिलेको प्रविधिमा नै केन्द्रित गरी सम्भावनाको सत्याभास गरेर प्रस्तुत गरिएको छ । ऋमारवि रोबोट फ्याक्ट्रीमा उत्पादन गरिएको कान्छीमा वृद्ध आमाको स्वभावअनुसारको डाटा निविष्ट गरिएको छ । "कान्छी मानिस होइन । एउटा रोबोट हो ।...महिना दिन जति अघि मात्रै कान्छीले एउटा साधारण रोबोटका रूपमा पूर्ण रूप पाएकी छे । पछि फेरि तपाईंको आवश्यकता थाहा पाएर सोहीअनुसार उसको मस्तिष्कमा सुसारे चाल-चलन समावेश गराएका हौँ" (उपाध्याय, सन् २०१९, पृ. २८) । यसरी सांस्कारिक अभ्यासअनुसार बनेका प्राकृतिक मानवका स्वभावलाई रोबोटले यान्त्रिक रूपमा सहजीकरण गर्ने स्थिति दिक् बनेको छ । अहिले नै रोबोटमा निविष्ट गरिएका कोडअनुसार संवाद गर्ने अवस्था छ भने कान्छीमा गरिएको कल्पना सम्भावनाको सत्याभासयुक्त देखिएको छ । "देरिकाको पीडा देरिकको पनि दुखाइ हुन्थ्यो । उसले पुनः आफ्नो पहुँच हुनसक्ने डाटा हेऱ्यो, खोज्यो । पूरा पृथ्वी र मानवको इतिहास खोज्यो । भिन्नभिन्न कालखण्ड खोज्यो । मानव सभ्यता, युद्ध, धर्म तथा मिथकका सम्भव भए जति इतिहास पर्गेल्यो" (खनाल, २०८१, पृ. ५१) को दिक् चित्रण छ । मानवको जैविक अवशेष छैन । प्राकृतिक मानवका जीवनचर्या छैनन् तर यिनका बारेमा डाटा प्राप्त छन् । पृथ्वीको भविष्य स्वैरकाल्पनिक रूपले आएको छ । यी 'देरिका', 'देरिक' निर्मित मानव छन् र यिनले प्राचीन मानवको इतिहास अध्ययन गर्दै छन् । यस्तो अध्ययन जहाँ भौतिकीय आधार र प्रमाणहरू छैनन् । केवल परोक्ष डाटा पाठ छन् । यसैमा आधारित भई तर्क, समालोचना र समीक्षा गरिएको छ । अहिले नै हाम्रो जीवनमा गुगल, च्याट जीपीटी जस्ता परोक्ष डाटा पाठका स्रोत उपलब्ध छन् भने मानवको भविष्य यस्तो दिक्मा परिणत नहोला पनि भन्न सकिन्न । त्यसैले यसमा पनि सम्भावनाको सत्याभास सिर्जना गरिएको छ र कृत्रिम बुद्धिमत्ता स्वैरकाल्पनिक भएको छ ।

## निष्कर्ष

नेपाली विज्ञानविषयक उपन्यासको अनुकूल समयावधि वि.सं. २०३६ पछि नै विकास भएको हो । राष्ट्रिय राजनीतिक गतिविधि तथा उदारीकरणका विश्वव्यापी प्रभाव नेपाली समाजमा परेसँगै विज्ञान तथा प्रविधितर्फको चासो स्रष्टामा विकसित भएको हो । सरुभक्त (२०४४/७२) को *एक अभिनवको आत्मकथा*बाट नेपाली उपन्यासमा मानव प्रजातिको भविष्यको चिन्ता र आगामी अस्तित्वबारे सघन आख्यान तयार भएको हो । पृथ्वीमा बढ्दो आणविक होडबाजी र मानवमाथि यसले पार्ने प्रतिकूल असरका बारेमा भने चौलागाईं (२०६८) को *जिरो कटेज*मा नै प्रभावकारी स्वैरकल्पना सिर्जना गरिएको छ । यन्त्र र उपकरणले मानवलाई पारेको प्रभाव तथा उत्तरमानवमा परिणत हुनु परेको प्राकृतिक मानवीय जीवनशैली यसमा स्पष्टतः देखिएको छ । त्यसैले यसलाई हालसम्म प्राप्त सामग्रीका आधारमा प्रथम साइबर उपन्यास मान्नु उपयुक्त देखिन्छ । पौडेल (२०६९) को *द सुप्रिम ह्युमन* अन्तरिक्षीय आवागमन र अन्तरअन्तरिक्षीय बस्तीबारे गरिएको कल्पना अधिक स्वैरकाल्पनिक छ । राई (२०७५) को *पहेली*मा साइबर सञ्जालले नेपाली समाजमा पारेको प्रभाव यथार्थपरक छ । उपाध्याय (सन् २०१९) को *कान्छी विज्ञान उपन्यास*मा रोबोटमा पनि मानवीय गुण विकास गरिएको स्थिति छ । यसमा कृत्रिम बुद्धिमत्ताको उन्नत प्रयोग छ । सम्भावनाको सत्याभासका दृष्टिले *कान्छी* उपन्यास प्रतिनिधि कृति हो किनभने आज नै हामीले रोबोटमा मानव भाषाका एकाइ निवेषण गरेर घरायसी तथा औद्योगिक प्रयोजनमा प्रयोग गरेको स्थिति छ भने यस उपन्यासमा जैविक प्रजनक अङ्ग, संवेदना र संवेगसमेत विकास

गरिएको छ जुन निकट अनागत हो । त्यसैगरी खनाल (२०८१) को *सावर्णि*मा पृथ्वी नै कृत्रिम मानवको कब्जामा पुगेको र मङ्गल ग्रहमा रहेका प्राकृतिक मानवका सन्ततिले पृथ्वी प्राप्त गर्न पुनः युद्ध गर्नु परेको सुदूर अनागत आख्यानीकरण भएको छ । समग्रमा *जिरो कटेज, कान्छी* र *सावर्णि* उपन्यासमा मानवको निकट तथा सुदूर अनागतको दिक् सघन रूपले आएको छ भने *कान्छी* उपन्यास सम्भावनाको सत्याभासका दृष्टिले निकट अनागत चित्रणमा प्रतिनिधि कृति बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


अब्राम्स, एम्. एच्. (सन् २००४). *अ ग्लोसरी अफ लिटरेरी ट्रम्स.* सिङ्गापुर : थमसम एसिया ।

उपाध्याय, मुक्तिप्रसाद (सन् २०१९). *कान्छी विज्ञान उपन्यास.* न्यु दिल्ली : साइन्स पब्लिसिङ हाउस प्रा.लि. ।

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* काठमाडौँ : एकता बुक्स डिस्टिब्युटर्स प्रा.लि. ।

एटम, नेत्र (२०७९). *नेपाली विज्ञान कथाको परम्परा.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खनाल, श्रीधर (२०८१). *सावर्णि.* काठमाडौँ : बुकहिल पब्लिकेसन प्रा.लि. ।

चौलागाईं, टंक (२०६८). *जिरो कटेज.* काठमाडौँ : कखरा किताब ।

ढकाल, दीपकप्रसाद (२०७८). 'जिरो कटेज उपन्यासमा अधिपाठीय प्रयोग'. *के.एम्. सी. नेपाली जर्नल,* ४(४), पृ. ४५-५३ ।

ढकाल, दीपकप्रसाद (२०८०). *आख्यान विमर्शका आयाम.* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

ढकाल, दीपकप्रसाद (सन् २०२२). 'कान्छी विज्ञान उपन्यासमा साइबोर्ग रोबोटिक्सको प्रयोग'. *प्रज्ञा दर्शन, १*(४), पृ. १७४-१८५ ।

पौडेल, रमेश (२०६९). *द सुप्रिम ह्युमन.* काठमाडौँ : डिकुरा पब्लिकेसन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१). *नेपाली उपन्यास र उपन्यासकार.* चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

प्रसाईं, पुण्य (२०६९). 'सुपर मोर्डनिजम (परिष्कृत आधुनिकतावाद) र विश्वस्तरको कृति द सुप्रिम ह्युमन'. भूमिका. रमेश पौडेल. *द सुप्रिम ह्युमन.* काठमाडौँ : डिकुरा पब्लिकेसन, पृ. ४-९ ।

बराल, कृष्णहरि (२०७८). *कथासिद्धान्त,* दोस्रो संस्क. काठमाडौँ : एकता बुक्स डिस्टिब्युटर्स प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोर्डन बुक्स हाउस ।

भट्टराई, गोविन्दराज (सन् २०१९). 'थालेपछि अन्त्यमा नपुगी रोकिन मन नलाग्ने कृति'. भूमिका मुक्तिप्रसाद उपाध्याय. *कान्छी विज्ञान उपन्यास.* न्यु देल्ली : साइन्स पब्लिसिङ हाउस प्रा.लि. ।

राई, विष्णु एस. (२०७५). *पहेली.* काठमाडौँ : सगुण आसरा ।

शर्मा, मोहनराज (२०६८). 'साइबरउपन्यास : साइबरसमालोचना. टंक चौलागाईं'. *जिरो कटेज.* काठमाडौँ : कखरा किताब ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०५६). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* पाँचौँ संस्क. ललितपुर : साझा प्रकाशन ।

सरुभक्त (२०४४/२०७२). *एक अभिनवको आत्मकथा.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

Abrams M. H. (2004). A Glossary of Literary Terms (7th ed. Singapor M thomsom Asia Ltd)